# नेपाल राष्ट्र बैंक

### अनुसन्धान विभाग

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

***(आर्थिक वर्ष २०७२/७३ को चार महिनाको तथ्याङ्कमा आधारित)***

## आर्थिक परिदृश्य

१. तराई भू-भागमा लगातारको बन्द हड्ताल तथा मुलुकको दक्षिणी भेगका भन्सार बिन्दुहरुमा भएको अघोषित नाकाबन्दीले आपूर्ति प्रणालीमा अवरोध आएकाले आर्थिक क्रियाकलापमा गम्भीर असर परेको छ । उपरोक्त परिप्रेक्ष्यमा, आर्थिक वर्ष २०७२/७३ मा आर्थिक वृद्धिदर ६ प्रतिशत हुने बजेट लक्ष्यको तुलनामा २ प्रतिशतमा सीमित हुने नेपाल सरकारले हालै जारी गरेको श्वेत पत्रमा उल्लेख छ ।

२. कृषि तथा सहकारी मन्त्रालयका अनुसार चालू आर्थिक वर्षमा धानको उत्पादन १० प्रतिशत र कोदोको उत्पादन २ प्रतिशतले घट्ने अनुमान रहेको छ । तथापि मन्त्रालयका अनुसार मकैको उत्पादन ४ प्रतिशतले बढ्ने अपेक्षा रहेको छ । रासायनिक मलको आपूर्ति सहज हुन नसकेकोले हिउँदे बाली, खासगरी, गहुँको उत्पादनमा समेत असर पर्ने देखिएको छ । चालू आर्थिक वर्षमा मनसुन ढिला शुरु भएकोले वर्षे बाली प्रभावित भएको साथै आपूर्ति प्रणालीमा अवरोध भएको अवस्था समेत मध्यनजर गरी अर्थ मन्त्रालयले जारी गरेको श्वेतपत्रमा चालू आर्थिक वर्षमा कृषि क्षेत्रको वृद्धिदर १ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको छ ।

**बक्स १: सार्वजनिक–निजी साझेदारी नीति, २०७२**

विकास प्रक्रियामा निजी क्षेत्रलाई सक्रिय सहभागी गराउने नेपाल सरकारको विगत लामो समयदेखिको प्रयास स्वरुप नेपाल सरकार, अर्थ मन्त्रालयले सार्वजनिक–निजी साझेदारी नीति जारी गरेको छ । यसका प्रमुख लक्ष्य, उद्देश्य तथा नीतिहरु देहाय बमोजिम रहेका छन् ।

**लक्ष्य:** सार्वजनिक-निजी साझेदारीको माध्यमबाट बृहत् सामाजिक तथा आर्थिक विकासको लागि सार्वजनिक पूर्वाधार सेवाहरुको विकास तथा सञ्चालनमा सार्वजनिक-निजी क्षेत्रको लगानी अभिवृद्धि गर्ने ।

**उद्देश्यहरु:** (**क**) गुणस्तरयुक्त सार्वजनिक पूर्वाधार सेवाहरू उपलब्ध गराउन निजी क्षेत्रमा रहेको व्यवसायिकता, कार्यकुशलता, उद्यमशीलता एवम् प्राविधिक दक्षताको उपयोग गर्ने, र

**ख**) सार्वजनिक पूर्वाधार तथा सेवाहरूको विकास, पुनर्निमाण तथा सञ्चालनको क्षेत्रमा आवश्यक पूँजी, साधन एवम् स्रोतहरू निजी क्षेत्रबाट परिपूर्ति गर्न निजी लगानी आकर्षण हुने वातावरण सिर्जना गर्ने ।

**नीतिहरु:** (**क**) सार्वजनिक-निजी साझेदारी सम्बन्धी अन्तर्राष्ट्रिय रूपमा प्रचलित सिद्धान्त तथा मान्यताहरूलाई राज्यका सम्पूर्ण सम्भाव्य क्षेत्र, संयन्त्र, अङ्ग तथा निकायहरूमा प्रवर्द्धन गर्ने,

(**ख**) पूर्वाधार क्षेत्रमा आवश्यक पर्ने थप पूँजी, साधन तथा स्रोतहरु निजी क्षेत्रबाट लगानी गर्न अनुकुल वातावरणको सिर्जना गर्ने,

(**ग**) पूर्वाधार सेवाहरूको विकासमा निजी क्षेत्रको व्यवसायिकता, उद्यमशीलता, क्षमता, दक्षता एवम् नवीनतम् प्रविधिलाई मुलुकको सर्वाङ्गीण विकासमा अधिकतम् उपयोग गर्ने ।

*स्रोत: सार्वजनिक-निजी साझेदारी नीति, २०७२, अर्थ मन्त्रालय ।*

३. समीक्षा अवधिमा उद्योग सञ्चालनको लागि आवश्यक इन्धन र कच्चा पदार्थको आपूर्तिमा आएको अवरोधले तराई-मधेश क्षेत्रका अधिकांश उद्योगहरु बन्द अवस्थामा रहेका छन् भने संचालित उद्योगहरुको क्षमता उपयोग समेत अत्यन्त न्यून रहेको छ । यसैगरी, सरकारी र निजी दुबै क्षेत्रका विकास निर्माण कार्यहरु ठप्प


प्रायः रहेका छन् । उपरोक्त पृष्ठभूमिमा चालू आर्थिक वर्षमा औद्योगिक क्षेत्रको वृद्धिदर ऋणात्मक हुने देखिएको छ ।

४. भूकम्प पश्चात् शिथिल अवस्थामा रहेको पर्यटन क्षेत्र तराई क्षेत्रमा रहेको लगातारको बन्द हड्ताल र व्यापारिक मार्गहरुमा भएको अवरोधले थप प्रभावित भएको छ । समीक्षा अवधिमा पर्यटकहरुको आगमन न्यून हुनुको साथै आएका पर्यटकहरुको नेपाल बसाईको अवधि समेत उल्लेख्य रुपमा घटेकोले होटलको क्षमता उपयोग न्यून हुँदै गएको छ । इन्धन आपूर्तिको असहजताले यातायात तथा आन्तरिक हवाई उडानहरु प्रभावित भएका छन् । तराई-मधेश क्षेत्रका धेरै शैक्षिक संस्थाहरु लामो समयसम्म प्रायः बन्द अवस्थामा रहे । यी घट्नाक्रमले सेवा क्षेत्रको वृद्धिलाई अवरुद्ध पार्ने सम्भावना देखिन्छ ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

५. आर्थिक वर्ष २०७२/७३ को कात्तिक महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १०.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ७.२ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क वृद्धिदर १२.१ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क वृद्धिदर ९.२ प्रतिशत रहेको छ ।




६. मुद्रास्फीति उच्च रहनुको आसन्न (Proximate) कारणहरुमा दलहन तथा गेडागुडी, घ्यू तथा तेल र लत्ताकपडा तथा जुत्ता उपसमूहको मूल्यमा भएको उच्च वृद्धि रहेको छ । यी उपसमूह मध्ये दलहन तथा गेडागुडीको मूल्य ४४.१ प्रतिशतले र घ्यू तथा तेलको मूल्य ४१.१ प्रतिशतले बढेको छ । साथै लत्ताकपडा तथा जुत्ताको मूल्यमा पनि १४.६ प्रतिशतले वृद्धि भएको छ ।

७. मुद्रास्फीति बढ्नुको अर्न्तनिहित (Underlying) कारणहरुमा तराईमा जारी लामो बन्द हड्ताल तथा मुलुकको दक्षिणी भूभागमा रहेका व्यापारिक नाकाहरुमा विद्यमान अघोषित नाकावन्दी र अत्यावश्यक वस्तुहरु संचय गर्ने बढ्दो प्रवृत्ति रहेका छन् । विद्यमान अवस्था अझ लम्बिएमा अत्यावश्यकीय वस्तुहरुको मूल्य वृद्धि अझ गहिरिन गई लागत प्रेरित मुद्रा स्फीति तथा स्ट्यागफ्ल्याशन (Stagflation) को अवस्था आउन सक्ने देखिन्छ । नेपाल राष्ट्र बैंकले तरलता व्यवस्थापन उच्च प्राथमिकताका साथ संचालन गर्दै आएको भएतापनि आपूर्ति अवस्था सहज नहुँदासम्म मौद्रिक व्यवस्थापनबाट मात्र मुद्रास्फीति नियन्त्रण गर्न कठिन देखिएको छ ।

८. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सबैभन्दा बढी काठमाडौं उपत्यकामा ११.८ प्रतिशतले मूल्य वृद्धि भएको छ भने पहाडमा ११.४ प्रतिशत, हिमालमा ९.६ प्रतिशत र तराईमा ९.१ प्रतिशतले मूल्य वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्ता मूल्य सूचकाङ्कहरुको वृद्धिदर काठमाडौं उपत्यकामा ७.१ प्रतिशत, पहाड र तराई दुबैमा ७.२ प्रतिशत रहेको थियो ।

### नेपाल र भारत बीचको उपभोक्ता मुद्रास्फीति अन्तर

९. आर्थिक वर्ष २०७२/७३ को कात्तिक महिनामा भारतको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.४ प्रतिशत रहेको तुलनामा नेपालको १०.४ प्रतिशत रहेको छ । समीक्षा अवधिमा यी दुई मुलुक बीचको उपभोक्ता मुद्रास्फीति अन्तर ५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाल तथा भारतमा यस्तो मुद्रास्फीति क्रमशः ७.२ प्रतिशत र ४.४ प्रतिशत रहेकोले दुई मुलुक बीचको उपभोक्ता मुद्रास्फीति अन्तर २.८ प्रतिशत रहेको थियो । २०७२ बैशाखमा गएको विनाशकारी भूकम्पको अन्तराल प्रभाव, तराईको

आन्दोलन र दक्षिणका व्यापार नाकाहरुमा भएको अघोषित नाकाबन्दीको कारण नेपाल र भारतबीच मुद्रास्फीति दरको अन्तरमा वृद्धि हुन गएको हो ।

### थोक मुद्रास्फीति

१०. आर्थिक वर्ष २०७२/७३ को कात्तिक महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीतिदर ७.१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ६.७ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ११.९ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ७.२ प्रतिशतले वृद्धि भएको छ भने आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ३.४ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ८.७ प्रतिशतले, स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ६.२ प्रतिशतले र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ३ प्रतिशतले वृद्धि भएको थियो ।


### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

११. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ८.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ९.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्कमा ०.८ प्रतिशत र ज्यालादर सूचकाङ्कमा १० प्रतिशतले वृद्धि भएको छ । तलब अन्तर्गत बैंक तथा वित्तीय संस्था, शिक्षा र सार्वजनिक संस्थान उप-समूहहरुको तलब सूचकाङ्क क्रमश: २.३ प्रतिशत, १.५ प्रतिशत र ०.७ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, ज्यालादर अन्तर्गत कृषि मजदुर, निर्माण मजदुर र औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क क्रमश: १३.२ प्रतिशत, ९.८ प्रतिशत र ३.६ प्रतिशतले वृद्धि भएको छ ।

## *बाह्य क्षेत्र*

### वैदेशिक व्यापार

१२. आर्थिक वर्ष २०७२/७३ को चार महिनामा कुल वस्तु निर्यात २९.१ प्रतिशतले ह्रास आई रु. २० अर्ब ९६ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ०.२ प्रतिशतले ह्रास आई रु. २९ अर्ब ५५ करोड रहेको थियो । व्यापार नाकाहरुमा रहेको असहज अवस्थाले गर्दा समीक्षा अवधिमा भारत, चीन र अन्य मुलुकतर्फको निर्यात घटेको कारण समग्र निर्यातमा कमी आएको हो ।




१३. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात ३८.७ प्रतिशतले, चीनतर्फको निर्यात ६७.९ प्रतिशतले र अन्य मुलुकतर्फको निर्यात ७.८ प्रतिशतले घटेको छ । भारततर्फ जिङ्क शीट, लत्ताकपडा, जुस, जि.आई. पाइप लगायतका वस्तुहरुको, चीनतर्फ प्रशोधित छाला, चाउचाउ, तयारी पोशाक, लगायतका वस्तुहरुको र अन्य मुलुकतर्फ दाल, प्रशोधित छाला, चिया, हस्तकलाका सामान लगायतका वस्तुहरुको निर्यात घटेको छ ।

१४. समीक्षा अवधिमा कुल वस्तु आयात ३६.८ प्रतिशतले घटेर रु. १६० अर्ब ९९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २२.४ प्रतिशतले वृद्धि भई रु. २५४ अर्ब ६६ करोड पुगेको थियो । तराई क्षेत्रको आन्दोलन तथा दक्षिणी सीमा नाकाहरुमा अवरोधका कारण आपूर्ति व्यवस्थामा समस्या उत्पन्न भएकोले नेपालमा आयात हुने पेट्रोलियम पदार्थ लगायतका वस्तुहरुको आयात घट्न गई समीक्षा अवधिमा समग्र आयातको वृद्धिदर नकारात्मक रहन गएको हो ।

१५. कुल आयातमध्ये भारतबाट भएको आयात ४१.८ प्रतिशतले, चीनबाट भएको आयात २२.३ प्रतिशतले र अन्य मुलुकबाट भएको आयात ३१.१ प्रतिशतले घटेको छ । भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्टपूर्जा, एम.एस.विलेट, मेशीनरी तथा पार्टपूर्जा लगायतका वस्तुहरुको, चीनबाट मेशीनरी पार्टपूर्जा, टेलिभिजन तथा पार्टपूर्जा, स्टिल रड तथा शीट, विद्युतीय सामाग्री लगायतका वस्तुहरुको र अन्य मुलुकबाट चाँदी, कच्चा भटमासको तेल, खाने तेल, कच्चा पाम तेल लगायतका वस्तुहरुको आयात घटेको छ ।

१६. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा ३७.८ प्रतिशतले घटी रु. १४० अर्ब ४ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा २६.१ प्रतिशतले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये समीक्षा अवधिमा भारत, चीन र अन्य मुलुकसँगको व्यापार घाटा क्रमशः ४२.१ प्रतिशत, २०.६ प्रतिशत र ३६ प्रतिशतले घटेको छ । एफ. ओ. बि. (FOB) मूल्यमा आधारित वस्तु व्यापार घाटा समीक्षा अवधिमा ३७.८ प्रतिशतले ह्रास भई रु. १३५ अर्ब ७५ करोडमा झरेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा २७.६ प्रतिशतले बढेको थियो ।

१७. आयात उच्च दरले घटेको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात १३ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ११.६ प्रतिशत रहेको थियो ।

## भन्सार नाका अनुसार व्यापार स्थिति

१८. वीरगञ्ज भन्सार नाकाबाट अघिल्लो वर्षको चार महिनामा रु. ५ अर्ब ५१ करोडको निर्यात भएकोमा समीक्षा अवधिमा रु. २ अर्ब ५३ करोड र विराटनगर भन्सार नाकाबाट रु. ८ अर्ब ३२ करोडको निर्यात भएकोमा समीक्षा अवधिमा रु. ६ अर्ब ३६ करोडको निर्यात भएको छ । त्यसैगरी, भैरहवा, नेपालगञ्ज, मेची, वीरगञ्जको सुख्खा बन्दरगाह तथा अन्य भन्सार नाकाहरुबाट हुने निर्यातमा समेत कमी आएको छ ।

१९. समीक्षा अवधिमा कैलाली भन्सार नाका बाहेक अन्य भन्सार नाकाहरुबाट भएको आयातमा कमी आएको छ । समीक्षा अवधिमा वीरगञ्ज भन्सारबाट रु. ४३ अर्ब ३२ करोड, वीरगञ्ज सुख्खा बन्दरगाहबाट रु. १४ अर्ब २९ करोड र विराटनगर भन्सार नाकाबाट रु. २४ अर्ब ७० करोडको आयात भएको छ । अघिल्लो वर्षको सोही अवधिमा वीरगञ्ज भन्सार, सुख्खा बन्दरगाह र विराटनगर भन्सारबाट क्रमशः रु. १०६ अर्ब ५ करोड, रु. २८ अर्ब ४८ करोड र रु. ३१ अर्ब ८२ करोडको आयात भएको थियो ।

## निर्यात आयात मूल्य सूचकाङ्क

२०. आर्थिक वर्ष २०७२/७३ को चौथो महिनाको भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाई मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक विन्दुगत आधारमा ८.७ प्रतिशतले वृद्धि भएको तर आयात मूल्य सूचकाङ्कमा ८ प्रतिशतले कमी आएकोले निर्यात र आयात मूल्य सूचकाङ्कको अनुपात (Terms of Trade) मा १८.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो अनुपात १७.२ प्रतिशतले बढेको थियो ।

## सेवा

२१. समीक्षा अवधिमा सेवा क्षेत्रतर्फको कुल आय ४.७ प्रतिशतले कमी आई रु. ४२ अर्ब २६ करोड रहेको तर कुल सेवा खर्च ४.२ प्रतिशतले बढी रु. ४३ अर्ब ३१ करोड पुगेको कारण खुद सेवा खाता रु. १ अर्ब ५ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता रु. २ अर्ब ८१ करोडले बचतमा रहेको थियो । सेवा आयतर्फ भ्रमण र अन्य सेवा आयमा कमी आएको छ भने सरकारी सेवा आय बढेको छ । २०७२ वैशाख १२ मा गएको विनाशकारी भूकम्प एवम् तराई क्षेत्रमा भइरहेको आन्दोलनले आपूर्ति व्यवस्था असहज भएका कारण पर्यटन लगायतका समग्र सेवा क्षेत्रमा असर परेकोले सेवा आयमा प्रतिकूल प्रभाव परेको हो ।

## ट्रान्सफर

२२. समीक्षा अवधिमा ट्रान्सफर आय २३.२ प्रतिशतले वृद्धि भई रु. २४९ अर्ब ५८ करोड पुगेको र यस्तो खर्च १६.६ प्रतिशतले बढी रु. ८४ करोड पुगेकोले खुद ट्रान्सफर आय २३.२ प्रतिशतले वृद्धि भई रु. २४८ अर्ब ७४ करोड पुगेको छ । अघिल्लो वर्षको चार महिनामा यस्तो आयमा ३ प्रतिशतले कमी आएको थियो ।

२३. ट्रान्सफर आय अन्तर्गत विप्रेषण आप्रवाह अघिल्लो वर्षको चार महिनामा ०.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १९.४ प्रतिशतले वृद्धि भई रु. २१५ अर्ब ३९ करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको सोही अवधिमा २.७ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ११.६ प्रतिशतले वृद्धि भई २ अर्ब ६ करोड डलर पुगेको छ ।

२४. विप्रेषण आप्रवाहलाई प्रत्यक्ष प्रभाव पार्ने वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकहरुको संख्यामा पछिल्ला महिनाहरुमा कमी आएको छ । अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या आर्थिक वर्ष २०७२/७३ को चार महिनामा गत वर्षको सोही अवधिको तुलनामा २०.९ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २८.८ प्रतिशतले बढेको थियो ।

**बक्स २: बैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका नेपाली कामदारहरुको संख्या***

| महिना/बर्ष | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|
| साउन | ४५९३७ | ४२३०९ | ३७७५६ |
| भदौ | २४२१४ | ५१५५१ | ४०२७५ |
| असोज | ३१९५९ | ३५५५० | ३५४८४ |
| कात्तिक | ३१९४९ | ४३२१३ | २३०६१ |
| मंसिर | ४१६३४ | ५३३५४ | – |
| पुस | ५००३२ | ४५३६२ | – |
| माघ | ३७२८५ | ४८९४१ | – |
| फागुन | ४८५५२ | ४४४६० | – |
| चैत | ४५८५४ | ५२२१० | – |
| वैशाख | ५४१७३ | ३१३७५ | – |
| जेठ | ५४९२६ | ३७९६२ | – |
| असार | ६१७१७ | २६६०० | – |
| **कुल** | **५२८२३२** | **५१२८८७** | **१३६५७६** |
| प्रतिशत परिवर्तन | १६.५ | –२.९ | –२०.९** |

* अन्तिम श्रम स्वीकृतिमा आधारित ।
** कात्तिकसम्मको जोडको तुलना ।
स्रोत: वैदेशिक रोजगार विभाग ।

## चालू खाता

२५. वस्तु आयात घट्नुको साथै विप्रेषण तथा अनुदान बढेको कारण समीक्षा अवधिमा चालू खाता रु. १२१ अर्बले बचतमा रहेको छ । अघिल्लो बर्षको सोही अवधिमा यो खाता रु. ५ अर्ब ८६ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा चालू खाता बचत १ अर्ब १५ करोड डलर रहेको छ ।

## पूँजी तथा वित्तीय खाता

२६. समीक्षा अवधिमा पूँजीगत ट्रान्सफर रु. ४ अर्ब ६१ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. १ अर्ब १२ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु. १ अर्ब ७५ करोड र बैदेशिक लगानी रु. ९३ करोड रहेको थियो ।

२७. नेपाल राष्ट्र बैंकबाट लिइएको स्वीकृतिका आधारमा गत आर्थिक वर्ष २०७१/७२ मा प्रत्यक्ष वैदशिक लगानीको लाभांश स्वरुप रु. ७ अर्ब २१ करोड भुक्तानी भएको थियो । चालू आर्थिक वर्ष २०७२/७३ को चार महिनासम्ममा प्रत्यक्ष वैदेशिक लगानीमा रु. १ अर्ब ५२ करोड लाभांश भुक्तानी भएको छ ।

**बक्स ३: प्रत्यक्ष वैदेशिक लगानीमा लाभांश भुक्तानीको स्थिति***
(रु. करोडमा)

| क्षेत्र | २०७१/७२ वार्षिक | २०७२/७३ को कात्तिकसम्म |
|---|---|---|
| वित्तीय क्षेत्र | १७९.४४ | ०.० |
| सञ्चार क्षेत्र | ०.४० | १४१.६२ |
| जलविद्युत क्षेत्र | २८७.४५ | ०.० |
| औद्योगिक क्षेत्र | २२९.९२ | १०.३४ |
| सेवा क्षेत्र | २३.८६ | ०.० |
| **जम्मा** | **७२१.०७** | **१५१.९७** |


* नेपाल राष्ट्र बैंकबाट लाभांश लैजानका लागि प्रदान गरिएको स्वीकृतिका आधारमा ।

## समग्र शोधनान्तर स्थिति

२८. समीक्षा अवधिमा शोधनान्तर बचत रु. ८३ अर्ब ८८ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा रु. ६ अर्ब १८ करोडले शोधनान्तर बचत रहेको थियो। अमेरिकी डलरमा समीक्षा अवधिको शोधनान्तर बचत ७९ करोड ८९ लाख डलर रहेको छ।

## विदेशी विनिमय सञ्चिति

२९. २०७२ कात्तिक मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०७२ असार मसान्तको रु. ८२३ अर्ब ८७ करोडको तुलनामा १२.५ प्रतिशतले वृद्धि भई रु. ९२६ अर्ब ७९ करोड पुगेको छ। २०७१ कात्तिक मसान्तमा यस्तो सञ्चिति २०७१ असार मसान्तको तुलनामा २.४ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा भने बैंकिङ्ग क्षेत्रको कुल सञ्चिति २०७२ असार मसान्तदेखि २०७२ कात्तिक मसान्तसम्ममा ७.९ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ८ अर्ब ७९ करोड पुगेको छ।



चार्ट ३: कुल बिदेशी बिनिमय सञ्चिति (चार महिना)

३०. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७२ असार मसान्तको तुलनामा २०७२ कात्तिक मसान्तमा १४ प्रतिशतले वृद्धि भई रु. ८०१ अर्ब १२ करोड पुगेको छ। त्यसैगरी बैंक तथा वित्तीय संस्थाहरु (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति ३.९ प्रतिशतले वृद्धि भई रु. १२५ अर्ब ६७ करोड पुगेको छ। कुल सञ्चितिमा नेपाल राष्ट्र बैंकमा रहेको सञ्चितिको अंश ८६.४ प्रतिशत रहेको छ। कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २१.२ प्रतिशत रहेको छ।

## सञ्चिति पर्याप्तता सूचकहरु

३१. समीक्षा अवधिमा सञ्चिति पर्याप्तता सूचकहरु सन्तोषजनक रहेका छन्। आर्थिक वर्ष २०७२/७३ को चार महिनाको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले २३.४ महिनाको वस्तु आयात र १८.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिसँग कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्रा प्रदायको अनुपातहरु क्रमशः ४३.६ प्रतिशत, १५३ प्रतिशत र ४६.४ प्रतिशत रहेका छन्। २०७२ असार मसान्तमा यस्ता अनुपातहरु क्रमशः ३८.८ प्रतिशत, ९३.२ प्रतिशत र ४३.९ प्रतिशत रहेका थिए।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम एवम् सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

३२. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७१ कात्तिक मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ७७.५१ रहेकोमा २०७२ कात्तिक मसान्तमा ४८ प्रतिशतको उच्च दरले ह्रास आई प्रति ब्यारल अमेरिकी डलर ४०.२८ कायम भएको छ। यस अवधिमा चीन लगायत उदीयमान तथा विकासोन्मुख देशको मागमा कमी आएपनि अमेरिका तथा OPEC देशहरुले उत्पादन नघटाएकोले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा कमी आएको हो। त्यसैगरी, सुनको मूल्य २०७१ कात्तिक मसान्तमा प्रति आउन्स अमेरिकी डलर ११६९ रहेकोमा २०७२ कात्तिक मसान्तमा ७.२ प्रतिशतले ह्रास आई प्रति आउन्स अमेरिकी डलर १०८४.७५ कायम रहेको छ।

३३. २०७२ असार मसान्तको तुलनामा २०७२ कात्तिक मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.१ प्रतिशतले अवमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग २.६ प्रतिशतले अवमूल्यन भएको थियो। २०७२ कात्तिक मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. १०५.४६ पुगेको छ। २०७२ असार मसान्तमा उक्त विनिमय दर रु. १०१.१४ रहेको थियो।


# सरकारी वित्त स्थिति *

## बजेट घाटा/बचत

३४. आर्थिक वर्ष २०७२/७३ को चार महिनामा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ३५ अर्ब १० करोडले बचतमा रहेको छ । स्रोत परिचालनमा उल्लेख्य कमी आएतापनि सरकारी खर्च अपेक्षित रुपमा हुन नसकेको कारण यस्तो बचत सृजना भएको हो । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ४४ अर्ब ८२ करोडले बचतमा रहेको थियो ।

## सरकारी खर्च

३५. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ७.८ प्रतिशतले ह्रास भई रु. ७३ अर्ब ३५ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च ७.८ प्रतिशतले वृद्धि भई रु. ७९ अर्ब ५६ करोड पुगेको थियो । लगातार जारी मधेस आन्दोलन तथा ब्यापार नाका अवरोधको कारण सरकारको चालू खर्च घटेकोले कुल सरकारी खर्च घटेको हो ।




३६. समीक्षा अवधिमा चालू खर्च २० प्रतिशतले घटी रु. ५८ अर्ब ५ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च ७ प्रतिशतले बढेको थियो । पूँजीगत खर्च २३.१ प्रतिशतले वृद्धि भई रु. ५ अर्ब ७४ करोड पुगेतापनि यो रकम बजेट अनुमान २०८ अर्ब ८८ करोडको २.८ प्रतिशत मात्र रहेको छ । तसर्थ चालू आर्थिक वर्षमा वार्षिक लक्ष्य अनुरुप पूँजीगत खर्च हुने संभावना धेरै न्यून देखिन्छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्चमा १९ प्रतिशतले वृद्धि भएको थियो ।

३७. समीक्षा अवधिमा भन्सार नाकामा रहेको अवरोधका कारण इन्धन लगायत समग्र आपूर्ति प्रणाली असहज हुन पुगेको छ । इन्धन अभावका कारण ढुवानी प्रभावित हुन पुगेकोले कतिपय महत्वपूर्ण आयोजनाहरुको काम ठप्प हुन पुगेको छ भने निर्माण सामाग्रीहरुको अभावले गर्दा भूकम्पपछिको पुनर्निर्माणको कार्यले गति लिन सकेको छैन । फलस्वस्प सरकारको पूँजीगत बजेट अपेक्षा अनुरुप खर्च हुन सकेको छैन ।

## सरकारी राजस्व

३८. समीक्षा अवधिमा नेपाल सरकारको राजस्व परिचालन १९.४ प्रतिशतले घटी रु. ९२ अर्ब ५७ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व २१.८ प्रतिशतले वृद्धि भएको थियो । भन्सार नाकामा अवरोधका कारण आयातमा संकुचन आउनाले तथा इन्धन लगायत आवश्यक सामाग्रीको अभावमा आर्थिक गतिविधिमा शिथिलता आएकोले मूल्य अभिवृद्धि कर, भन्सार राजस्व, अन्तःशुल्क लगायत गैर कर राजस्व संकलनमा पनि कमी आएको छ । समीक्षा अवधिमा आय कर भने १४.९ प्रतिशतले बढेको छ ।

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६८ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४७ वटा मध्ये ४४ वटा शाखाहरु, कृषि विकास बैंक लिमिटेडका १९ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ९ वटा शाखाहरु, ग्लोबल आईएमई बैंक लिमिटेडका ४ वटा शाखाहरु, नेपाल वंगलादेश बैंक लिमिटेड, एनएमबी बैंक लिमिटेड र बैक अफ काठमाडौको १/१ शाखा र जिल्लास्थित ७९ वटै कोष तथा लेखा नियन्त्रण कार्यालयहरु र भुक्तानी केन्द्रहरुबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

### सार्वजनिक ऋण तथा सरकारको नगद मौज्दात


३९. समीक्षा अवधिमा नेपाल सरकारले रु. ५ अर्ब ४५ करोड बराबरको आन्तरिक ऋणको भुक्तानी गरेको छ । फलस्वरुप, नेपाल सरकारको तिर्न बाँकी आन्तरिक ऋण २०७२ असार मसान्तमा रु. १९६ अर्ब ७५ करोड रहेकोमा २०७२ कात्तिक मसान्तमा सरकारको तिर्न बाँकी आन्तरिक ऋण रु. १९१ अर्ब ३४ करोड रहेको छ ।

४०. स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून हुन गएकोले २०७२ कात्तिक मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. ८० अर्ब ८२ करोड नगद मौज्दात कायम रहेको छ ।

## मौद्रिक तथा वित्तीय स्थिति

### मुद्राप्रदाय

४१. आर्थिक वर्ष २०७२/७३ को चार महिनामा विस्तृत मुद्राप्रदाय ६.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय २.८ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा संकुचित मुद्राप्रदाय १४.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ०.५ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७२ कात्तिक मसान्तमा विस्तृत मुद्राप्रदाय २४.२ प्रतिशत र संकुचित मुद्राप्रदाय ३८.२ प्रतिशतले बढेको छ ।





४२. समीक्षा अवधिमा सञ्चित मुद्रा ४.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ११.३ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७२ कात्तिक मसान्तमा उक्त मुद्रा ३५ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा यस बैंकको खुद वैदेशिक सम्पत्तिमा विस्तार आएकोले सञ्चित मुद्रा बढेको हो ।

४३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ८३ अर्ब ८८ करोड (११.२ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ६ अर्ब १८ करोड (१ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा विप्रेषण आप्रवाह उल्लेख्य रुपमा बढ्नुका साथै आयात समेत उच्च दरले संकुचित भएकोले खुद वैदेशिक सम्पत्तिको विस्तार उच्च रहन गएको हो ।

### कुल आन्तरिक कर्जा

४४. आर्थिक वर्ष २०७२/७३ को चार महिनामा कुल आन्तरिक कर्जा ०.२ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा २.२ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७२ कात्तिक मसान्तमा यस्तो कर्जा १२.९ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा यस बैंकमा रहेको नेपाल सरकारको निक्षेप बढ्नुका साथै मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावीको वृद्धिदरमा समेत संकुचन आएकोले कुल आन्तरिक कर्जाको वृद्धिदरमा ह्रास आएको हो । समीक्षा अवधिमा



मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ३.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी ६.४ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा निजी क्षेत्रमाथिको दावी २०७२ कात्तिक मसान्तमा १५.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर १९.७ प्रतिशत रहेको थियो ।

## वित्तीय साधन परिचालन

४५. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप संकलन वृद्धिदर गत वर्षको सोही अवधिको हाराहारीमा नै रहेको छ भने कर्जा तथा लगानीको वृद्धिदर तुलनात्मक रुपमा न्यून छ ।

## निक्षेप संकलन

४६. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप ३ प्रतिशत (रु. ५१ अर्ब ५१ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त निक्षेप २.९ प्रतिशत (रु. ४० अर्ब ११ करोड) ले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक र वित्त कम्पनीहरुको निक्षेप क्रमशः ३.६ प्रतिशत र ४ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको निक्षेप १.२ प्रतिशतले घटेको छ । वार्षिक विन्दुगत आधारमा २०७२ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप २०.३ प्रतिशतले बढेको छ ।

## कर्जा प्रवाह

४७. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २.७ प्रतिशत (रु. ३६ अर्ब ३५ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ६ प्रतिशत (रु. ६६ अर्ब ५२ करोड) ले बढेको थियो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंक र वित्त कम्पनीहरुको कर्जा प्रवाह क्रमशः ३.६ प्रतिशत र ४.९ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको २.८ प्रतिशतले घटेको छ । वार्षिक विन्दुगत आधारमा २०७२ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १६.२ प्रतिशतले बढेको छ ।

४८. समीक्षा अवधिमा औद्योगिक उत्पादन, थोक तथा खुद्रा व्यापार, निर्माण लगायतका प्रमुख क्षेत्रमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा कर्जा प्रवाह केही न्यून भएको छ । समीक्षा अवधिमा औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. १ अर्ब ७३ करोड (०.७ प्रतिशत), थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. ४ अर्ब १९ करोड (१.४ प्रतिशत), निर्माण क्षेत्रतर्फको कर्जा रु. ३ अर्ब ७५ करोड (२.५ प्रतिशत) र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ५ अर्ब ६१ करोड (९.३ प्रतिशत) ले बढेको छ भने कृषि क्षेत्रतर्फको कर्जा रु. ५५ करोड (०.८ प्रतिशत) ले घटेको छ ।

४९. आर्थिक वर्ष २०७२/७३ को चार महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कुल कर्जामध्ये ५९.७ प्रतिशत कर्जा घरजग्गाको धितोमा र १२.६ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ५८.८ प्रतिशत र १३.६ प्रतिशत रहेको थियो ।

५०. समीक्षा अवधिमा वाणिज्य बैंकहरुबाट साना तथा मझौला व्यवसायमा प्रवाहित कर्जा (SMEs Loan) कुल कर्जाको २.६ प्रतिशत (रु. २९ अर्ब ८१ करोड) मात्र रहेको छ । यस्तो कर्जा प्रवाह न्यून रहनुमा कर्जाको धितो एक प्रमुख समस्याको रुपमा रहेकोले सुरक्षित कारोबार दर्ता (Secured Transaction Registry) सम्बन्धी कार्यलाई यथाशीघ्र कार्यान्वयनमा ल्याउन सुरक्षित कारोबार दर्ता सम्बन्धी कार्यालयको स्थापना हुन आवश्यक छ ।

## तरलता व्यवस्थापन

५१. आर्थिक वर्ष २०७२/७३ को चार महिनासम्ममा यस बैंकले रु. २४२ अर्ब ६५ करोड तरलता प्रशोचन गरेको छ । यसमध्ये, पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् रु. १५७ अर्ब २५ करोड, रिभर्स रिपोमार्फत् (टर्नओभरको आधारमा) रु. ७६ अर्ब ३० करोड तथा सोझै बिक्री बोल-कबोलमार्फत् रु. ९ अर्ब १० करोड

तरलता प्रशोचन भएको छ। २०७२ कात्तिक मसान्तमा निक्षेप संकलन बोल-कबोल बक्यौता रकम रु. १०० अर्ब रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप बोल-कबोलमार्फत् रु. ४० अर्ब तथा रिभर्स रिपोमार्फत् रु. १९८ अर्ब तरलता प्रशोचन भएको थियो । समीक्षा अवधिमा विभिन्न उपकरणमार्फत् तरलता प्रशोचन गर्दा कुल रु. ४४ करोड ७३ लाख ब्याज खर्च भएको छ ।

५२. आर्थिक वर्ष २०७२/७३ को चार महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर १ अर्ब ४८ करोड खुद खरिद गरी रु. १५४ अर्ब २८ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब १० करोड खुद खरिद गरी रु. १०० अर्ब ९८ करोडको खुद तरलता प्रवाह भएको थियो ।

**बक्स ४: तरलता प्रशोचन लागत (रु.करोडमा)**

| तरलता प्रशोचन उपकरण | २०७१/७२ (वार्षिक) | | २०७२/७३ (चार महिना) | |
|---|---|---|---|---|
| | परिमाण | ब्याज लागत | परिमाण | ब्याज लागत |
| निक्षेप संकलन बोलकबोल | १५५०० | १७.०५ | १५७२५ | ४१.२२ |
| रिभर्स रिपो बोलकबोल | ३१५८० | ०.२८ | ७६३० | ०.६१ |
| सोझै बिक्री बोलकबोल | ६०० | १.७३ | ९१० | २.९० |
| **कुल** | **४७६८०** | **१९.०६** | **२४२६५** | **४४.७३** |

५३. समीक्षा अवधिमा अमेरिकी डलर ७६ करोड बिक्री गरी रु. ७९ अर्ब १९ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब १८ करोड बिक्री गरी रु. ११५ अर्ब १३ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

## वित्तीय विस्तार

५४. वित्तीय संस्थाहरुको शाखा सञ्जालमा भएको वृद्धिसँगै वित्तीय सेवाको पहुँच विस्तार हुँदै गएको छ । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७१ असोजमा ३,६१७ रहेकोमा २०७२ असोजमा ३,९६८ पुगेको तथा निक्षेप एवम् ऋण खाता संख्यामा विस्तार हुँदै गएकोले समग्र वित्तीय पँहुच अभिवृद्धिमा सघाऊ पुगेको छ (बक्स ५) ।

**बक्स ५: वित्तीय विस्तारको अवस्था**

| विवरण | असोज | |
|---|---|---|
| | २०७१ | २०७२ |
| बैंक तथा वित्तीय संस्थाहरुको संख्या | १९७ | १९४ |
| बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या | ३,६१७ | ३,९६८ |
| डेबिट कार्ड संख्या | ४१,४५,४०५ | ४२,८६,४५५ |
| क्रेडिट कार्ड संख्या | ५९,३५२ | ४५,५५४ |
| निक्षेप खाता संख्या | १,४४,१६,७०१ | १,५२,७९,९०९ |
| ऋण खाता संख्या | ९,४९,७७७ | १०,२७,०८९ |

## पुनरकर्जा तथा उत्पादनशील कर्जा

५५. उत्पादनशील क्षेत्रतर्फ लगानी तथा निर्यात विस्तारमा समेत सहयोग पुऱ्याउने उद्देश्यले यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग समीक्षा अवधिमा केही घटेको छ । समीक्षा अवधिमा साधारण पुनरकर्जातर्फ रु. १ अर्ब ३९ करोड र निर्यात पुनरकर्जातर्फ रु. १४ करोड गरी जम्मा रु. १ अर्ब ५३ करोड पुनरकर्जा उपलब्ध गराइएको छ । अघिल्लो वर्षको सोही अवधिमा साधारणतर्फ रु. १ अर्ब ६८ करोड र निर्याततर्फ रु. १ अर्ब १२ करोड गरी कुल रु. २ अर्ब ८० करोडको पुनरकर्जा उपयोग भएको थियो ।

५६. भूकम्प पीडितहरुलाई राहत प्रदान गर्न यस बैंकबाट शुन्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था गरिएकोमा यस सम्बन्धी आवश्यक कार्यविधि तर्जुमा गरी लागू गरिएको छ । सरकारी स्तरमा संचालन हुनुपर्ने राहत तथा पुनरनिर्माणको कार्यले गति लिएमा भूकम्प पीडितका लागि व्यवस्था गरिएको सहुलियत पुनरकर्जाको माग पनि बढ्ने अपेक्षा गरिएको छ ।

५७. वाणिज्य बैंकहरुले उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था अनुरुप २०७२ कात्तिक मसान्तसम्ममा वाणिज्य बैंकहरुको यस्तो कर्जाको अनुपात १५.७ प्रतिशत रहेको छ ।

## अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

५८. आर्थिक वर्ष २०७२/७३ को कात्तिक महिनासम्ममा वाणिज्य बैंकहरुले रु. २३१ अर्ब ५० करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरुबीच बाहेक) ले रु. २३ अर्ब ७० करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. १२६ अर्ब ७४ करोड र रु. ६१ अर्ब ३३ करोड बराबरको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले स्थायी तरलता सुविधाको माग गरेका छैनन् ।

## ब्याजदर

५९. २०७१ कात्तिकको तुलनामा २०७२ कात्तिकमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर र अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर घटेको छ । २०७१ कात्तिकमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.५२ प्रतिशत रहेकोमा २०७२ कात्तिकमा ०.२९ प्रतिशतमा झरेको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७१ कात्तिकको ०.४२ प्रतिशतको तुलनामा २०७२ कात्तिकमा ०.३६ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७१ कात्तिकको २.४१ प्रतिशतको तुलनामा २०७२ कात्तिकमा १.४९ प्रतिशत रहेको छ ।

६०. २०७२ कात्तिकमा वाणिज्य बैंकहरुको कर्जा तथा निक्षेपबीचको भारित औसत ब्याजदर अन्तर ४.५७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको कात्तिकमा यस्तो ब्याजदर अन्तर ४.४९ प्रतिशत रहेको थियो । त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार ब्याजदर २०७१ कात्तिकको ७.४६ प्रतिशतको तुलनामा २०७२ कात्तिकमा ७.०४ प्रतिशत कायम हुन आएको छ ।

## बैंक तथा वित्तीय संस्थाहरुको मर्जर तथा प्राप्तिको अवस्था

६१. वित्तीय स्थायित्व अभिवृद्धि गर्न अवलम्बन गरिएको मर्जर नीति कार्यान्वयनमा आएसँगै मर्ज हुने बैंक तथा वित्तीय संस्थाहरुको संख्या बढ्दै गएको छ । "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी विनियमावली, २०६८" कार्यान्वयनमा आएपछि २०७२ कात्तिक मसान्तसम्म ८३ वटा बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा मर्ज भई ३१ वटा संस्था बनेका छन् । त्यसैगरी, हालसम्म एउटा वाणिज्य बैंकले दुईवटा वित्त कम्पनीहरु र एक विकास बैंकले अर्को एक विकास बैंक प्राप्ति (Acquisition) गरेका छन् ।

## नियमन व्यवस्था

६२. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस बैंकबाट समस्याग्रस्त घोषणा गरिएका बैंक तथा वित्तीय संस्थाको शाखा खरिद गर्न सक्ने, उच्च गरिबी रहेका तोकिएका १० जिल्लाहरु र गरिबीको गहनता बढी भएका दक्षिणी सीमावर्ती क्षेत्रका तोकिएका गाउँ विकास समिति तथा नगरपालिका क्षेत्रमा कृषि तथा साना व्यवसायमा प्रवाहित रु. ५ लाखसम्मको कर्जामा विशेष पुनरकर्जा सुविधा प्रदान गर्ने तथा उक्त क्षेत्रमा शाखा खोल्न यस बैंकको पूर्व स्वीकृति लिनु नपर्ने, प्रमुख शहरहरुमा संचालन हुने सार्वजनिक यातायात संचालन गर्ने संगठित संस्थालाई प्रदान गरिने कर्जालाई उत्पादनमूलक कर्जामा गणना गर्ने र Magnetic Strip Card लाई Chip Based Card मा प्रतिस्थापन गर्ने लगायतका निर्देशनहरु जारी गरिएका छन् । त्यसैगरी, समीक्षा अवधिमा नेपाल क्लियरिङ्ग हाउस लि. ले इलेक्ट्रोनिक माध्यमबाट बैंक तथा वित्तीय संस्थाहरुको Net Clearing Position यस बैंकको बैंकिङ्ग कार्यालयमा पठाउने विद्यमान व्यवस्थामा परिमार्जन गरी तोकिए बमोजिम पाँच सत्र (Five Sessions) मा सञ्चालन गर्ने व्यवस्था गरिनुको साथै चालू आर्थिक वर्षको मौद्रिक नीतिमा उल्लेख भए अनुसारको चुक्ता पूँजी कायम गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थाहरुले यस बैंकमा पेश गरेको पूँजी योजना आ-आफ्नो वेबसाइटमा प्रकाशन गर्नुपर्ने व्यवस्था सम्बन्धी निर्देशनहरु जारी गरिएका छन् ।

६३. समीक्षा अवधिमा तराई क्षेत्रमा जारी आन्दोलन तथा सीमा क्षेत्रमा भएको व्यापार एवम् पारवहन अवरोधले सृजना गरेको असहज परिस्थितिका कारण समयमै कर्जाको सावाँ-ब्याज वा किस्ता रकम तिर्न नसकी त्यस्तो रकम २०७२ पुस मसान्तभित्र प्राप्त भएमा असल कर्जामै गणना गर्ने र कुनै प्रकारको हर्जाना वा शुल्क नलगाउने, उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन र उर्जा लगायतका सेवा क्षेत्रका ऋणीले लिखित कार्ययोजना सहित माग गरेमा २०७२ पुस मसान्तभित्र एक पटकका लागि बढीमा १ वर्षसम्म कर्जा पुनर्तालिकीकरण वा पुनरसंरचना गर्न सकिने, २०७२ असोज मसान्तसम्म पाकेको ब्याज २०७२ कात्तिक मसान्तसम्ममा प्राप्त भएमा चालू आर्थिक वर्षको प्रथम त्रयमासको नाफा नोक्सान हिसाबमा राख्न सकिने, प्रतितपत्रको आधारमा प्रवाह गरिने टि. आर. कर्जाको अवधि विद्यमान १२० दिन बाट बढाई बढीमा १८० दिन कायम गर्ने लगायतका निर्देशनहरु समेत जारी गरिएका छन् ।

### समष्टिगत विवेकशील नियमन

६४. घरजग्गा (Real Estate) क्षेत्रमा प्रवाहित कर्जा कुल कर्जाको २५ प्रतिशतको सीमाभित्र रहनुपर्ने व्यवस्था रहेकोमा २०७२ कात्तिकसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले यस क्षेत्रमा कुल रु. २१३ अर्ब १३ करोड कर्जा (प्रति ग्राहक रु. १ करोड भन्दा कमको रु. १२३ अर्ब ४० करोडको आवासीय घरकर्जा सहित) प्रवाह गरेका छन् । उक्त कर्जा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १५.३ प्रतिशत हुन आउँछ । २०७२ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले शेयरको धितोमा प्रवाह गरेको मार्जिन प्रकृतिको कर्जा कुल कर्जाको १.९ प्रतिशत (रु. २५ अर्ब ९७ करोड) रहेको छ ।

६५. बैंक तथा वित्तीय संस्थाहरुको कर्जा-निक्षेप (स्वदेशी निक्षेप र प्राथमिक पूँजी सहित) अनुपात ८० प्रतिशत नाघ्न नहुने व्यवस्था रहेकोमा २०७२ असोजमा यस्तो अनुपात वाणिज्य बैंकहरुको ६८.८६ प्रतिशत, विकास बैंकहरुको ७०.६२ प्रतिशत तथा वित्त कम्पनीहरुको ७३.३० प्रतिशत रहेको छ । यसबाट बैंक तथा वित्तीय संस्थाहरुले थप कर्जा प्रवाह गर्नसक्ने स्थिति रहेको देखिन्छ ।


६६. वाणिज्य बैंकहरुले जोखिम भारित सम्पत्तिको १० प्रतिशत र विकास बैंक एवम् वित्त कम्पनीहरुले ११ प्रतिशत पूँजीकोष अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०७२ असोज मसान्तमा यस्तो अनुपात वाणिज्य बैंकहरुको ११.९४ प्रतिशत, विकास बैंकहरुको १६.४७ प्रतिशत र वित्त कम्पनीहरुको २१.४९ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरुले कायम गर्नुपर्ने न्यूनतम पूँजीकोषमा थप १ प्रतिशत वा सो भन्दा बढी Buffer कायम गरेको अवस्थामा मात्रै नगद लाभांश वितरण गर्न पाउने व्यवस्था रहेको छ ।

६७. वित्तीय स्रोत परिचालनतर्फ वाणिज्य बैंकहरुलाई निक्षेप संकलनको सीमा तोकिएको छैन भने विकास बैंक तथा वित्त कम्पनीहरुको हकमा भने आफ्नो प्राथमिक पुँजीको क्रमशः २० गुणासम्म र १५ गुणासम्म वित्तीय स्रोत संकलन गर्नसक्ने व्यवस्था रहेको छ । यस अनुसार २०७२ कात्तिकमा विकास बैंकहरुले प्राथमिक पूँजीको ६.४ गुणा र वित्त कम्पनीहरुले ५ गुणा निक्षेप संकलन गरेका छन् ।

## पूँजी बजार

६८. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा २६.३ प्रतिशतले वृद्धि भई २०७२ कात्तिक मसान्तमा १,०९४.२ विन्दुमा पुगेको छ । २०७१ कात्तिक मसान्तमा उक्त सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिको तुलनामा ४४.३ प्रतिशतले वृद्धि भई ८६६.२ विन्दु कायम भएको थियो । राजनीतिक संक्रमण चाँडै अन्त्य हुने अपेक्षा तथा मौद्रिक नीतिको पूँजी वृद्धि सम्बन्धी प्रावधानको प्रभाव स्वरुप आर्थिक वर्ष २०७२/७३ को पहिलो दुई महिना नेप्से सूचकाङ्कमा उछाल आएकोमा तराई क्षेत्रमा जारी आन्दोलन र नेपाल-भारत सीमा नाकामा

चार्ट ७: नेप्से परिसूचक (२०७१/७२-२०७२/७३)



हुन गएको अवरोधका कारण भदौ अन्त्यतिरबाट गिरावट आउने क्रम जारी रहेको छ ।

६९. नेप्से सूचकाङ्कको १२ महिने स्तरीय विचलन (Rolling Standard Deviation) २०७२ कात्तिक मसान्तमा ४.२ प्रतिशतले वृद्धि भएको छ । मासिक क्षेत्रगत उतार चढावलाई हेर्दा २०७२ कात्तिक महिनाको कारोबार अवधिभरमा जलविद्युत क्षेत्रको सबैभन्दा बढी विचलन देखिएको छ भने दोस्रो बढी विचलन बीमा कम्पनीको रहेको छ ।

७०. धितोपत्र बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ३०.१ प्रतिशतले वृद्धि भई २०७२ कात्तिक मसान्तमा रु. ११५६ अर्ब १३ करोड पुगेको छ । बजार पूँजीकरण अनुपात अघिल्लो वर्ष ४५.८ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०७१/७२ को कुल गार्हस्थ्य उत्पादनसँग समीक्षा अवधिको बजार पुँजीकरणको अनुपात ५४.४ प्रतिशत रहेको छ । २०७१ कात्तिक मसान्तमा यस्तो अनुपात ४५.८ प्रतिशत रहेको थियो । बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको (बीमा कम्पनीहरु सहित) अंश ८१.२ प्रतिशत रहेको छ भने जलविद्युत् क्षेत्रको ५.३ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.९ प्रतिशत, होटलहरूको २.१ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.१ प्रतिशत र अन्यको ८.४ प्रतिशत रहेको छ ।

७१. समीक्षा अवधिमा कुल शेयर कारोबार रकममा ६६.९ प्रतिशतले गिरावट आई रु. ३ अर्ब २९ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा कारोबार रकम रु. ९ अर्ब ९५ करोड पुगेको थियो । कुल कारोबार रकममा वाणिज्य बैंक समुहको ५२.८ प्रतिशत, विकास बैंकहरुको १३.१ प्रतिशत, प्रोमोटर शेयरको ११.७ प्रतिशत, बीमा कम्पनीको ११.४ प्रतिशत, जलविद्युत क्षेत्रको ५.५ प्रतिशत, वित्त कम्पनीको ३.६ प्रतिशत, होटल र अन्य समूहको ०.६/०.६ प्रतिशत, सामूहिक लगानी कोषको ०.४ प्रतिशत र उत्पादन तथा प्रशोधन उद्योगको ०.३ प्रतिशत अंश रहेको छ ।

७२. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०७२ कात्तिक मसान्तसम्ममा २२५ रहेको छ । २०७१ कात्तिक मसान्तसम्ममा यस्तो संख्या २३५ रहेको थियो । केही बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा मर्ज भएका कारण सूचीकृत कम्पनीहरुको संख्या घट्न गएको हो ।

७३. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक विन्दुगत आधारमा ३१.१ प्रतिशतले वृद्धि भई २०७२ कात्तिक मसान्तमा रु. २३२ अर्ब ७३ करोड पुगेको छ । आर्थिक वर्ष २०७२/७३ को चौथो महिनासम्ममा रु. १ अर्ब ६३ करोड बराबरको साधारण शेयर, रु. १ अर्ब २२ करोड बराबरको अग्राधिकार शेयर, रु. २ अर्ब ५२ करोड बराबरको बोनस शेयर र रु. १ अर्ब १० करोड बराबरको डिबेन्चर गरी कुल रु. ६ अर्ब ४७ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

## सम्झौतित बचत तथा लगानी

७४. २०७२ असोज मसान्तसम्ममा नागरिक लगानी कोषको कोष रकममा अघिल्लो वर्षको सोही अवधिको तुलनामा २८.७ प्रतिशतले वृद्धि भई रु. ६९ अर्ब ७८ करोड पुगेको छ । समीक्षा अवधिमा उक्त कोषबाट गरिएको लगानीमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३४.६ प्रतिशतले वृद्धि भई रु. ४१ अर्ब २१ करोड पुगेको छ भने ऋण प्रवाहमा भने ३३.९ प्रतिशतले ह्रास आई रु. ११ अर्ब ५० करोडमा सीमित भएको छ ।

७५. २०७२ असोज मसान्तसम्ममा कर्मचारी संचय कोषको कोष रकममा अघिल्लो वर्षको सोही अवधिको तुलनामा १४.७ प्रतिशतले वृद्धि भई रु. १९४ अर्ब ७३ करोड पुगेको छ । समीक्षा अवधिमा कोषले गरेको लगानी रकममा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३३.२ प्रतिशतले वृद्धि भई रु. ५८ अर्ब ११ करोड पुगेको छ भने ऋण प्रवाहमा ९ प्रतिशतले वृद्धि भई रु. १३६ अर्ब ८१ करोड पुगेको छ ।